स्वास्थ्य कार्यालय, प्यूठानको

# जनस्वास्थ्य मासिक खबरपत्रिका

अंक ३१, वर्ष ३, २०८३ जेठ ५, ने. सं. ११४६ थिंलाथ्व

## यस अंकका मुख्य विषयवस्तुहरु

- Forecasting & Quantification कार्यक्रम सम्पन्न
- भेक्टर कन्ट्रोल कार्यक्रम अन्तर्गत बिषादी छर्ने अभियान सञ्चालन
- स्वास्थ्य कार्यक्रमको मासिक समीक्षा तथा तथ्यांक प्रमाणीकरण बैठक सम्पन्न
- सुर्तीजन्य पदार्थ तथा नसर्ने रोग नियन्त्रण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न
- ईन्टरनेट आधारित e-HMIS सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धि तालिम सम्पन्न

## यस अंकका मुख्य विषयवस्तुहरु

- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि पुनर्ताजगी तालिम सम्पन्न
- आँखा, नाक, कान, घाँटी तथा मुख सम्बन्धी स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण सम्पन्न
- स्वास्थ्य चौकीहरूको न्यूनतम सेवा मापदण्ड समीक्षा सम्पन्न
- विद्यालयमा जंक फुड नियन्त्रणका लागि सन्देशमूलक होडिङ बोर्ड वितरण तथा प्रदर्शन सुरु
- BHS-STP तालिम सम्बन्धी कार्यक्रम सफलतापूर्वक सम्पन्न
- पालिका अन्तर्गत सम्पन्न भएका मुख्य क्रियाकलापहरु

## Forecasting & Quantification कार्यक्रम सम्पन्न

स्वास्थ्य सामग्री तथा औषधिको आवश्यकता समयमै पहिचान गरी प्रभावकारी आपूर्ति व्यवस्थापन गर्ने उद्देश्यले स्वास्थ्य कार्यालय प्युठानको आयोजनामा “Forecasting & Quantification” कार्यक्रम मिति २०८३/०१/०२ र ०३ गते स्वास्थ्य कार्यालय प्यूठानको सभाहलमा सम्पन्न भएको छ।

कार्यक्रममा लुम्बिनी प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र (PHLMC) बाट आउनुभएका FHI 360 का प्रदेश संयोजक बिजय नेपाल तथा जनस्वास्थ्य अधिकृत अमर रेग्मी ले सहजीकरण गर्नुभएको थियो। कार्यक्रममा प्युठान जिल्लाका ९ वटै स्थानीय तहका स्वास्थ्य शाखा प्रमुख तथा सम्बन्धित फोकल पर्सनहरूको सहभागिता रहेको थियो। कार्यक्रममा स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मागको पूर्वानुमान, आवश्यकताको यथार्थ आँकलन, आपूर्ति व्यवस्थापन, स्टक व्यवस्थापन तथा Logistic Management लाई व्यवस्थित बनाउने विषयमा छलफल तथा अभ्यास गरिएको थियो।

यस कार्यक्रमबाट स्थानीय तहमा स्वास्थ्य सामग्री तथा औषधिको अभाव हुन नदिन, आवश्यकताअनुसार समयमै आपूर्ति सुनिश्चित गर्न तथा स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी र व्यवस्थित बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।



# विश्व औलो दिवस(२५ अप्रिल २०२६)-"औलो अन्त्य हाम्रो संकल्पः सक्षम छौं, छैन अब विकल्प"

## स्वास्थ्य कार्यक्रमको मासिक समीक्षा तथा तथ्यांक प्रमाणीकरण बैठक सम्पन्न

स्थानीय तह अन्तर्गत रहेका ९ वटै वडाका स्वास्थ्य संस्थाका प्रमुख, स्वास्थ्य शाखाका फोकल पर्सनहरूको सहभागितामा स्वास्थ्य सम्बन्धी सेवा तथा कार्यक्रमहरूको मासिक समीक्षा बैठक सम्पन्न भएको छ।

बैठकमा स्वास्थ्य सेवासँग सम्बन्धित विभिन्न सूचकहरूको समीक्षा, तथ्यांकको गुणस्तर सुधार तथा Data Verification लाई मुख्य प्राथमिकतामा राखी छलफल गरिएको थियो। साथै स्वास्थ्य कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, प्रतिवेदन प्रणाली सुदृढीकरण तथा सेवा प्रवाहमा देखिएका चुनौतीहरूको बारेमा समेत समीक्षा गरिएको थियो। कार्यक्रममा मासिक प्रतिवेदनको अवस्था, स्वास्थ्य सूचकहरूको प्रगति तथा तथ्यांकको यथार्थता सुनिश्चित गर्ने विषयमा विशेष जोड दिइएको थियो। स्वास्थ्य कार्यालय प्युठानका कर्मचारीहरूद्वारा जिल्लाका सबै स्थानीय तहमा पुगेर मासिक समीक्षा बैठक सहजीकरणसँगै तथ्यांक प्रमाणीकरण कार्यलाई समेत प्राथमिकताका साथ अगाडि बढाइएको थियो।




## भेक्टर कन्ट्रोल कार्यक्रम अन्तर्गत बिषादी छर्ने अभियान सञ्चालन

मलेरिया, कालाजार लगायतका किटजन्य रोगको रोकथाम तथा नियन्त्रणका लागि स्वास्थ्य कार्यालय प्युठान द्वारा स्थानीय तहहरूसँग समन्वय गरी भेक्टर कन्ट्रोल कार्यक्रम सञ्चालन गरिएको थियो

मिति २०८३ वैशाख ४ गतेदेखि सुरु गरिएको यस अभियान अन्तर्गत लामखुट्टेको घनत्व बढी रहेको तथा किटजन्य रोगको जोखिम उच्च देखिएका ऐरावती, सरुमारानी, माण्डवी र स्वर्गद्वारी स्थानीय तहका जोखिमयुक्त बस्तीहरूमा बिषादी छर्ने कार्य अगाडि बढाइएको थियो। अभियान सञ्चालनका लागि जनस्वास्थ्य अधिकृत पुस्कल श्रेष्ठ, कोशलराज वैध र डोर बहादुर खड्का लगायतको टोलि परिचालन गरिएको थियो। यस कार्यक्रममार्फत लामखुट्टेको नियन्त्रण, किटजन्य रोगको संक्रमण जोखिम घटाउने तथा समुदायस्तरमा सुरक्षित स्वास्थ्य वातावरण कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।





## सुर्तीजन्य पदार्थ तथा नसर्ने रोग नियन्त्रण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

मिति २०८३ वैशाख ८ गते स्वास्थ्य कार्यालय प्युठानमा सुर्तीजन्य पदार्थ, लागू पदार्थ नियन्त्रण तथा नियमन र नसर्ने रोगको रोकथाम तथा नियन्त्रण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रममा सूचना सम्प्रेषणमा सहजीकरण गर्ने प्युठान जिल्लामा क्रियाशील सञ्चारकर्मी, सुरक्षाकर्मी तथा स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। अभिमुखीकरण कार्यक्रममा सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन, लागू पदार्थको दुरुपयोग नियन्त्रण, नसर्ने रोगको रोकथाम र नियन्त्रण लगायतका विषयमा छलफल गरिएको थियो। साथै सम्बन्धित विषयमा क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न प्रस्तुतिकरण समेत गरिएको थियो।

कार्यक्रममार्फत सुर्तीजन्य पदार्थ तथा लागू पदार्थको प्रयोग न्यूनीकरण, नसर्ने रोगप्रति जनचेतना अभिवृद्धि तथा समुदायस्तरमा स्वास्थ्य प्रवर्द्धनका गतिविधिलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।




## विद्यालयमा जंक फुड नियन्त्रणका लागि सन्देशमूलक होडिङ बोर्ड वितरण

विध्यालय क्षेत्रमा जंक फुडको प्रयोग नियन्त्रण गर्दै स्वास्थकर खाने बानी प्रर्वद्धन गर्ने उद्देश्यले स्वास्थय कार्यालय प्यूठानले सन्देशमूलक होडिङ बोर्ड तयार गरी वितरण तथा प्रदर्शन कार्य सुरु गरेको छ। मिति २०८३/०१/२३ गतेदेखि सुरु गरिएको यस कार्यक्रम अन्तर्गत जिल्लाका ९ वटै स्थानीय तहका प्रत्येक पालिकाबाट ५ वटा बिध्यलय छनौट गरी कुल ४५ वटा विध्यालयमा होडिङ बोर्डहरु राख्ने व्यवस्था गरिएको छ।यी होडिङ बोर्ड मार्फत विध्यार्थीहरुमा जंक फुडको हानिकारक प्रभावबारे चेतना अभिवृद्धि गर्ने, स्वस्थ तथा पोषणयुक्त आहारको महत्व बुझाउने तथा विध्यालय वातावरणलाई स्वास्थ्यमैत्री बनाउने लक्ष्य राखिएको छ।

## ईन्टरनेट आधारित e-HMIS सञ्चालन सम्बन्धी क्षमता अभिवृद्धि तालिम सम्पन्न

सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरूका अभिलेख तथा प्रतिवेदन प्रणालीलाई ईन्टरनेट आधारित स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली)Electronic Based Health Management Information System – e-HMIS) मा रूपान्तरण गर्ने उद्देश्यले २ दिने क्षमता अभिवृद्धि तालिम मिति २०८३ वैशाख ११ र १२ गते सम्पन्न भएको छ। यस आर्थिक वर्षको जेठ महिनादेखि प्युठान जिल्लाका ९ वटा पालिकाअन्तर्गत रहेका २० स्वास्थ्य संस्थाहरूमा ईन्टरनेट आधारित e-HMIS प्रणाली सञ्चालन गर्ने तयारीस्वरूप तालिम आयोजना गरिएको थियो।

तालिममा स्वास्थ्य शाखा प्रमुख, तथ्यांक फोकल पर्सन, स्वास्थ् संस्था प्रमुख तथा स्वास्थ्य संस्थाका तथ्यांक फोकल पर्सनहरूको सहभागिता रहेको छ। कार्यक्रममा e-HMIS प्रणाली सञ्चालन प्रक्रिया, अभिलेख तथा प्रतिवेदन प्रविष्टि, तथ्यांक व्यवस्थापन तथा सूचना प्रणालीको प्रभावकारी प्रयोग सम्बन्धी विषयमा सहजीकरण गरिएको थियो। उक्त तालिमबाट स्वास्थ्य संस्थाहरूमा तथ्यांक व्यवस्थापनलाई थप व्यवस्थित, प्रभावकारी र समयमै प्रतिवेदन प्रवाह गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।






## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि पुनर्ताजगी तालिम सम्पन्न

महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू(FCHVs) को ज्ञान तथा सीप अभिवृद्धि गर्ने उद्देश्यले ४ दिने पुनर्ताजगी तालिम माण्डवी गाउँपालिकामा वैशाख १३ देखि १६ गतेसम्म र गौमुखी गाउँपालिकामा वैशाख १४ देखि १७ गतेसम्म संचालन भएको थियो।

माण्डवी गाउँपालिकामा सञ्चालन भएको तालिममा ५ वर्षअघि आधारभूत तालिम प्राप्त गरी पुनर्ताजगी ज्ञान आवश्यक रहेका ३४ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सहभागिता रहेको थियो भने गौमुखी गाउँपालिकामा ३७ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरू सहभागिता रहेको थियो।

तालिममा समुदायस्तरमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा, मातृ तथा शिशु स्वास्थ्य, खोप, पोषण, परिवार नियोजन, सरसफाइ तथा स्वास्थ्य प्रवर्द्धन लगायतका विषयमा पुनर्ताजगी ज्ञान प्रदान गरिएको थियो। यस कार्यक्रमको सहजिकरण स्वास्थ्य कार्यालय प्यूठानमा कार्यरत कर्मचारी र स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरुले गर्नुभएको थियो।



## आँखा, नाक, कान, घाँटी तथा मुख सम्बन्धी स्वास्थ्यकर्मीहरूलाई अभिमुखीकरण सम्पन्न

उपचारात्मक स्वास्थ्य सेवालाई थप गुणस्तरीय, प्रभावकारी तथा सेवाग्राहीमैत्री बनाउने उद्देश्यले स्वास्थ्यकर्मीहरूका लागि आँखा, नाक, कान, घाँटी तथा मुख सम्बन्धी २ दिने अभिमुखीकरण कार्यक्रम मिति २०८३ वैशाख २४ र २५ गते सम्पन्न भएको छ।

अभिमुखीकरण कार्यक्रममा जिल्लाका ३० वटा स्वास्थ्य संस्थाबाट जनस्वास्थ्य निरीक्षक, हेल्थ असिस्टेन्ट, सिनियर अहेव, अहेव, स्टाफ नर्स, सिनियर अनमी तथा अनमीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा स्वास्थ्य संस्थामा सामान्यतया देखिने आँखा, नाक, कान, घाँटी तथा मुख सम्बन्धी समस्याहरूको पहिचान, प्रारम्भिक परीक्षण, प्राथमिक उपचार, आवश्यक परामर्श तथा जटिल अवस्थाको समयमा उचित रेफरल गर्ने प्रक्रियाका विषयमा विस्तृत रूपमा सहजीकरण गरिएको थियो।

त्यसैगरी स्वास्थ्य संस्था स्तरमा उपलब्ध स्रोत-साधनको अधिकतम उपयोग गरी प्रभवकारी सेवा प्रवाह गर्ने, सेवाग्राहीमैत्री व्यवहार विकास गर्ने तथा उपचारात्मक सेवाको गुणस्तर अभिवृद्धि गर्ने विषयमा समेत छलफल तथा प्रस्तुतिकरण भएको थियो। कार्यक्रमको सहजिकरण डा.जमुना बिष्ट, लक्ष्मी मल्ल ठकुरी, शेर सिंह थापा र प्रकाश घिमिरेले गर्नुभएको थियो।




# विश्व औलो दिवस(२५ अप्रिल २०२६)-“औलो अन्त्य हाम्रो संकल्पः सक्षम छौं, छैन अब विकल्प”

## BHS-STP तालिम सम्बन्धी कार्यक्रम सफलतापूर्वक सम्पन्न

स्वास्थ्य सेवा प्रणालीलाई थप सुदृढ, मानकीकृत तथा गुणस्तरीय बनाउन स्वास्थ्य कार्यालय प्युठानको वार्षिक स्वीकृत कार्यक्रमअनुसार सञ्चालन गरिएको BHS-STP (Basic Health Service – Standard Treatment Protocol) सम्बन्धी तालिम तथा अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। मिति २०८३ वैशाख २० देखि २२ गतेसम्म स्वास्थ्य कार्यालय प्युठानमा सञ्चालन गरिएको उक्त कार्यक्रममा जिल्लाका ९ वटै स्थानीय तहबाट स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा कुल २९ जना स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

यस कार्यक्रमको मुख्य उद्देश्य स्वास्थ्य संस्थाहरूमा प्रदान गरिने सेवाहरूलाई राष्ट्रिय मापदण्डअनुसार एकरूपता ल्याई उपचारात्मक सेवाको गुणस्तर अभिवृद्धि गर्नु रहेको थियो। सम्पुर्ण सहभागी स्वास्थ्यकर्मीहरूको उपस्थितिमा BHS-STP सम्बन्धी अवधारणा, स्वास्थ्य संस्थामा मानकीकृत उपचार पद्धति, सेवा प्रवाहमा एकरूपता, तथा रोग व्यवस्थापनमा गुणस्तरीय सेवा सुनिश्चित गर्ने विषयमा विस्तृत छलफल तथा सहजीकरण गरिएको थियो।




## स्वास्थ्य चौकीहरूको न्यूनतम सेवा मापदण्ड समीक्षा सम्पन्न

स्वास्थ्य कार्यालय प्यूठानको आयोजनामा मिति २०८३/०१/१७ गतेदेखि १९ गतेसम्म प्यूठान जिल्ला अन्तर्गत विभिन्न स्वास्थ्य चौकीहरुको न्यूनतम सेवा मापदण्ड (Minimum Service Standards-MSS) समीक्षा कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रम अन्तर्गत गौमुखी गाउँपालिकाका पूजा र रजवारा स्वास्थ्य चौकी तथा नौबहिनी गाउँपालिकाको स्याउलीवाङ स्वास्थ्य चौकीमा सेवा प्रवाहको अवस्था, व्यवस्थापन पक्ष, स्वास्थ्य सेवाको गुणस्तर तथा न्यूनतम सेवा मापदण्डको कार्यान्वयन अवस्थाको समीक्षा गरिएको थियो।

समीक्षाका क्रममा स्वास्थ्य संस्थाहरूमा उपलब्ध सेवा, अभिलेख तथा प्रतिवेदन व्यवस्थापन, औषधि तथा स्वास्थ्य सामग्रीको अवस्था, सरसफाइ, जनशक्ति व्यवस्थापन तथा सेवाग्राहीमैत्री स्वास्थ्य सेवा सम्बन्धी सूचकहरूको मूल्यांकन गरिएको थियो।




## पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम

प्यूठान जिल्लाका विभिन्न स्थानीय तहहरूमा पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न भएका छन्। झिमरुक गाउँपालिकामा वैशाख २६ गते, स्वर्गद्वारी नगरपालिकामा वैशाख ३० गते तथा माण्डवी गाउँपालिकामा वैशाख ३१ गते उक्त कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको हो। साथै आगामी दिनमा जिल्लाका अन्य स्थानीय तहहरूले पनि पूर्णखोप सुनिश्चितता तथा दिगोपना घोषणा कार्यक्रम सम्पन्न गर्ने तयारी गरिरहेका छन्।

# पालिका अन्तर्गत सम्पन्न भएका विभिन्न क्रियाकलापहरु

## ४० वर्ष माथिका नागरिकका लागि निःशुल्क मोतिबिन्दु स्क्रिनिङ शिविर सम्पन्न

-नौबहिनी गाउँपालिका

नौबहिनी गाउँपालिकाको आयोजना तथा नरेन्द्रगायत्री आँखा अस्पताल बिजुवार प्यूठानको समन्वयमा २०८३ साल वैशाख १३ गते बहाने सामुदायिक स्वास्थ्य इकाई, प्यूठानमा ४० वर्ष माथिका नागरिकहरूका लागि निःशुल्क मोतिबिन्दु स्क्रिनिङ शिविर सम्पन्न गरिएको छ।

समुदायमा रहेका ४० वर्ष माथिका व्यक्तिहरूमा आँखासम्बन्धी समस्याको समयमै पहिचान गरी आवश्यक उपचार तथा परामर्श प्रदान गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त शिविरमा ८० देखि ९० जना महिला तथा पुरुषहरूको सहभागिता रहेको थियो। कार्यक्रममा स्वास्थ्यकर्मी, स्थानीय जनप्रतिनिधि तथा समुदायका नागरिकहरूको सक्रिय उपस्थिति रहेको थियो।

शिविरमा सहभागीहरूको आँखा परीक्षण गरी दृष्टिसम्बन्धी समस्या भएका व्यक्तिहरूको पहिचान गरिएको थियो भने केही बिरामीहरूलाई थप उपचारका लागि रेफर गरिएको जनाइएको छ। साथै कार्यक्रममा मोतिबिन्दु लगायत अन्य आँखा रोगहरूको प्रारम्भिक अवस्थामै पहिचान तथा आँखा स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धिमा समेत सहयोग पुगेको बताइएको छ। कार्यक्रममा स्वास्थ्य शाखा प्रमुख ऋषिराम शर्मासहित विशेषज्ञ टोलीको सक्रिय सहभागिता रहेको थियो।



## समुदायसहरी साझेदारी कार्यक्रम अन्तर्गत – सचेतनामूलक कार्यक्रम सम्पन्न

- झिमरुक गाउँपालिका

झिमरुक गाउँपालिका भ्यागुते ४, प्यूठानमा २०८३ साल वैशाख २१ गते समुदायसहरी साझेदारी कार्यक्रम अन्तर्गत नेपाल प्रहरी, स्थानीय तह, सामाजिक संस्था तथा विध्यालयबीच समन्वयात्मक सचेतना कार्यक्रम सम्पन्न गरिएको छ।

नेपाल प्रहरीको समन्वयमा सञ्चालन गरिएको उक्त कार्यक्रमको मुख्य उद्देश्य नेपाल प्रहरी, स्थानीय तह, समुदाय, सामाजिक संस्था तथा विद्यालयबीच सहकार्य र समन्वय अभिवृद्धि गरी सुरक्षित, सभ्य तथा अनुशासित समाज निर्माण गर्नुका साथै जनचेतना अभिवृद्धि गर्नु रहेको थियो। कार्यक्रममार्फत समुदायमा सकारात्मक व्यवहार विकास गर्दै नागरिक र प्रहरीबीचको सम्बन्ध अझ मजबुत बनाउने विषयमा समेत जोड दिइएको थियो।

कार्यक्रममा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, स्वास्थ्य शाखा प्रमुख, उपप्रमुख–, कृषि अधिकृत, पशु अधिकृत, रोजगार संयोजक, पोषण संयोजकलगायत पालिकाका विभिन्न शाखाका कर्मचारी, नेपाल प्रहरी तथा अन्य व्यक्तित्वहरूको सहभागिता रहेको थियो। कार्यक्रममा करिब २५ जनाको सहभागिता रहेको जनाइएको छ।

कार्यक्रम पश्चात समुदाय र प्रहरीबीचको सम्बन्ध अझ सुदृढ भएको, जनचेतनामूलक कार्यक्रमहरूको विस्तार भएको तथा प्रहरी र स्थानीय तहबीच नियमित समन्वय तथा सहकार्य सुरु भएको बताइएको छ। साथै कार्यक्रममा ट्राफिक नियमसम्बन्धी विस्तृत जानकारी प्रदान गरिएको थियो।



## मातृ तथा नवजात स्वास्थ्य सम्बन्धी अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम सम्पन्न

-प्यूठान नगरपालिका

प्यूठान नगरपालिकाको आयोजनामा प्रसूति केन्द्रमा कार्यरत नर्सिङ कर्मचारीहरूका लागि मातृ तथा नवजात स्वास्थ्य )MNH) सम्बन्धी अनसाइट कोचिङ तथा मेन्टरिङ कार्यक्रम २०८३ साल वैशाख १२ गतेदेखि १४ गतेसम्म सापडाँडा स्वास्थ्य चौकीमा सम्पन्न गरिएको छ।

प्रसूति केन्द्रहरूमा गुणस्तरीय प्रसूति सेवा सुनिश्चित गर्नुका साथै जटिलता व्यवस्थापनमा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले सञ्चालन गरिएको उक्त कार्यक्रममा ६ जना नर्सिङ कर्मचारीहरूको सहभागिता रहेको थियो। कार्यक्रममा प्रशिक्षक, एमएनएच फोकल पर्सन, स्वास्थ्य शाखाका कर्मचारीहरू, प्यूठान नगरपालिकाका नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित वडाका वडा अध्यक्ष तथा स्वास्थ्य संस्था प्रमुखहरूको समेत सहभागिता रहेको थियो। कार्यक्रममार्फत नर्सिङ कर्मचारीहरूको मातृ तथा नवजात स्वास्थ्य सम्बन्धी ज्ञान र सीप अभिवृद्धि भएको, सुरक्षित प्रसूति सेवा प्रभावकारी रूपमा प्रदान गर्न सक्ने क्षमता विकास भएको तथा प्रसूति जटिलता पहिचान र व्यवस्थापनमा दक्षता बढेको बताइएको छ।




## किशोरी रक्तअल्पता परीक्षण तथा पोषण स्क्रिनिङ कार्यक्रम सम्पन्न

- मल्लरानी गाउँपालिका

मल्लरानी गाउँपालिकाको आयोजनामा वडा नं.४ अन्तर्गत विध्यालयहरुमा अध्ययनरत १० देखि १९ वर्षसम्मका किशोरीहरुलाई लक्षित गरी किशोरी रक्तअल्पता परिक्षण तथा पोषण स्क्रिनिङ कार्यक्रम सञ्चालन गरिऐको थियो। कार्यक्रम २०८३ साल वैशाख २४, २५ र २८ गते मल्लरानी बोर्डिङ, खलंगा आधारभुत विध्यालय तथा महेन्द्र माध्यमिक विध्यालयमा सम्पन्न भएको थियो।

किशोरीहरूको पोषण अवस्था पहिचान गर्ने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रममा स्वास्थ्यकर्मी, फोकल पर्सन, शिक्षक, विद्यार्थी तथा सहयोगीहरूको सहभागिता रहेको थियो। कार्यक्रमको फोकल पर्सन पारस शाही रहनुभएको थियो।

कार्यक्रममार्फत किशोरीहरूमा रक्तअल्पता तथा पोषण समस्यासँग सम्बन्धित जोखिम कारकहरूको पहिचान गरिएको जनाइएको छ। साथै विद्यालय स्तरमा पोषण तथा स्वास्थ्यसम्बन्धी सचेतना अभिवृद्धि हुनुका साथै किशोरीहरूमा आफ्नो पोषण अवस्था र स्वास्थ्यप्रति जानकारी तथा जागरूकता बढेको बताइएको छ। यस कार्यक्रमले आगामी दिनमा पोषण सुधार तथा रक्तअल्पता नियन्त्रणसम्बन्धी योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक आधार तयार गर्न महत्वपूर्ण सहयोग पुग्ने गाउँपालिकाले जनाएको छ।



## स्वर्गद्वारी नगरपालिका पूर्ण खोप सुनिश्चितता तथा दिगोपना घोषणा

- स्वर्गद्वारी नगरपालिका

आर्थिक वर्ष २०८२/०८३ का लागि स्वर्गद्वारी नगरपालिकालाई २०८३ साल वैशाख ३० गते "पूर्ण खोप सुनिश्चितता तथा दिगोपना" घोषणा गरिएको छ। ५ वर्षमुनिका सबै बालबालिकाले १३ प्रकारका रोगविरुद्ध ९ प्रकारका खोप प्राप्त गरेको सुनिश्चित भएपछि जिल्ला खोप समन्वय समितिले नगरपालिकालाई प्रमाणपत्र प्रदान गरेको हो। नगरपालिका अध्यक्षको अध्यक्षता तथा जिल्ला समन्वय समिति प्यूठानका प्रमुख धरम बहादुर जी.सी.को प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा जनप्रतिनिधि, स्वास्थ्य कार्यालय प्यूठान, स्वास्थ्य शाखा, स्वास्थ्यकर्मी तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो।

स्वास्थ्य शाखा प्रमुख दल बहादुर के.सी. र खोप फोकल पर्सन दुर्गा गोराथोकीका अनुसार यस घोषणाले बालबालिकाको स्वास्थ्य सुरक्षा तथा नियमित खोप सेवाको दिगोपनामा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।

## पूर्ण खोप तथा पूर्ण संस्थागत सुत्केरी सेवा युक्त वडा घोषणाको सुनिश्चितता तथा दिगोपना कार्यक्रम सम्पन्न

-ऐरावती गाउँपालिका

ऐरावती गाउँपालिकाले पूर्ण खोप तथा पूर्ण संस्थागत सुत्केरी सेवा युक्त वडा घोषणाको सुनिश्चितता तथा दिगोपना निरन्तरता कार्यक्रम २०८३ साल वैशाख १५ गतेदेखि २५ गतेसम्म सञ्चालन गरेको छ। कार्यक्रम गाउँपालिका अन्तर्गतका विभिन्न स्वास्थ्य संस्थाहरूमा सम्पन्न गरिएको हो।

स्थानीय स्तरमा स्वास्थ्य सेवाको पहुँच तथा गुणस्तरलाई थप सुदृढ बनाउँदै मातृ तथा बाल मृत्युदर शून्यमा झार्ने उद्देश्यले सञ्चालन गरिएको कार्यक्रममा वडा अध्यक्ष, पालिका स्वास्थ्य शाखाका कर्मचारी, स्वास्थ्य चौकीका कर्मचारीहरू तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रममा करिब ३० देखि ३५ जनाको सहभागिता रहेको जनाइएको छ।

कार्यक्रमका फोकल पर्सन शेर सिंह थापा मगर तथा शर्मिला रावत रहनुभएको थियो। कार्यक्रममार्फत पूर्ण खोप तथा संस्थागत सुत्केरी सेवाको निरन्तरता सुनिश्चित गर्न आवश्यक समन्वय, अनुगमन तथा समुदायस्तरमा जनचेतना अभिवृद्धि गर्ने कार्य गरिएको बताइएको छ।

यस कार्यक्रमले वडाभित्र रोकथाम गर्न सकिने रोगका कारण बालमृत्यु नहुने तथा सुत्केरी अवस्थामा कुनै पनि आमाले ज्यान गुमाउनु नपर्ने अवस्था सिर्जना गर्न महत्वपूर्ण सहयोग पुग्ने विश्वास गरिएको गाउँपालिकाले जनाएको छ।



## महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाका लागि नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न

-माण्डवी गाउँपालिका

माण्डवी गाउँपालिकाले महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम २०८३ साल वैशाख १० गते उदयपुरकोट स्वास्थ्य चौकीमा सञ्चालन गरेको छ।

कार्यक्रमको उद्देश्य महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई उच्च रक्तचाप, मधुमेह, क्यान्सर लगायत नसर्ने रोगका बारेमा आधारभूत जानकारी प्रदान गर्नु, मानसिक स्वास्थ्य समस्याको पहिचान तथा प्रारम्भिक सहयोगबारे सचेत बनाउनु, समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि गर्नु तथा आवश्यक अवस्थामा समयमै स्वास्थ्य संस्थामा रिफर गर्ने क्षमता विकास गर्नु रहेको थियो।

कार्यक्रममा वडा अध्यक्ष, जनस्वास्थ्य अधिकृत, स्वास्थ्य चौकी प्रमुख तथा स्वास्थ्यकर्मी टोली र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा २० जनाको सहभागिता रहेको जनाइएको छ। कार्यक्रमका फोकल पर्सन जनस्वास्थ्य अधिकृत माधव पोख्रेल रहनुभएको थियो।

अन्तरक्रियात्मक रूपमा सञ्चालन गरिएको कार्यक्रममा सहभागीहरूले आफ्ना अनुभव साझा गरेका थिए भने व्यवहारिक उदाहरणमार्फत प्रशिक्षण प्रदान गरिएको थियो।



## गौमुखी गाउँपालिकाका ७ वटै वडामा पूर्ण खोप घोषणा कार्यक्रम सम्पन्न

- गौमुखी गाउँपालिका

गौमुखी गाउँपालिकाले २०८३ साल वैशाख २१ गतेदेखि २५ गतेसम्म गाउँपालिकाका ७ वटै वडामा पूर्ण खोप घोषणा कार्यक्रम सञ्चालन गरेको छ। १६ देखि २३ महिनासम्मका सबै बालबालिकाले राष्ट्रिय खोप तालिका अनुसार आवश्यक सबै खोप प्राप्त गरेको सुनिश्चित गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको हो। साथै नियमित खोप कार्यक्रमलाई प्रभावकारी तथा दिगो बनाउने र कुनै पनि बालबालिका खोप सेवाबाट नछुट्ने सुनिश्चित गर्न कार्यक्रमले विशेष जोड दिएको थियो।

कार्यक्रममा स्वास्थ्य शाखाका कर्मचारी, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय जनप्रतिनिधि, स्थानीय शिक्षक तथा स्वास्थ्य चौकी प्रमुखहरूको सक्रिय सहभागिता रहेको थियो। कार्यक्रमको फोकल पर्सन स्वास्थ्य शाखा प्रमुख रहनुभएको थियो।

कार्यक्रम सम्पन्न भएपछि खोप छुट्ने तथा ड्रपआउट दरमा कमी आएको, बालबालिकामा पूर्ण खोपको पहुँच तथा उपयोग बढेको तथा समयमै तथ्याङ्क संकलन, अनुगमन र प्रतिवेदन प्रणालीमा सुधार आएको जनाइएको छ। गाउँपालिकाले यस कार्यक्रममार्फत बालबालिकाको स्वास्थ्य सुरक्षा तथा नियमित खोप सेवाको प्रभावकारिता थप सुदृढ भएको जनाएको छ।



## पश्चिम नेपाल भ्रमणबाट महिला स्वास्थ्य स्वयंसेविकाले लिए अनुभव आदानप्रदानको अवसर

-सरुमारानी गाउँपालिका

सरुमारानी गाउँपालिकाका महिला स्वास्थ्य स्वयंसेविकाहरूले २०८३ वैशाख २५ देखि २८ गतेसम्म बाँके, बर्दिया र कैलाली जिल्लाको अवलोकन भ्रमण सम्पन्न गरेका छन्। गाउँपालिकाको आयोजनामा भएको भ्रमणमा ३८ जनाको सहभागिता रहेको थियो। भ्रमण टोलीमा महिला स्वास्थ्य स्वयंसेविका, स्वास्थ्यकर्मी, स्वास्थ्य शाखा प्रमुख तथा अन्य पालिकाका कर्मचारीहरू सहभागी रहेका थिए भने कार्यक्रमको समन्वय स्वास्थ्य शाखआ प्रमुख टेकेन्द्र रायमाझीले गर्नुभएको थियो।

भ्रमणका क्रममा सहभागीहरूले पश्चिम नेपालका स्वास्थ्य संस्थाहरूको अवलोकन गर्नुका साथै त्यहाँ कार्यरत महिला स्वास्थ्य स्वयंसेविकाहरूसँग छलफल तथा अनुभव आदानप्रदान गरेका थिए। समुदायमा स्वास्थ्य सेवा प्रवाह, जनचेतनामूलक गतिविधि तथा स्वास्थ्य अवस्थाबारे जानकारी लिँदै सहभागीहरूले आफ्ना क्षेत्रमा लागू गर्न सकिने अभ्यासहरूबारे समेत सिकाइ हासिल गरेको जनाइएको छ।



## सम्पादकीय

स्वास्थ्य कार्यालय प्यूठानले आ.व. २०८०/८१ को सुरुवात सँगै सुरु गरेको जनस्वास्थ्य मासिक समाचारपत्रको ३१ औं अंक प्रकाशन गर्न लागेको छ । चैत्र महिनामा जिल्लामा भएका जनस्वास्थ्य गतिविधिहरु र स्वास्थ्य सम्बन्धी जानकारिहरु समेटिएको यो अंकले जनस्वास्थ्य सम्वन्धि मासिक गतिविधिहरु को सारसंक्षेप प्रस्तुत गरिएको छ । यस समाचारपत्रका लागि स्थानीय तहका जनस्वास्थ्य अधिकृतहरूले आफ्नो-आफ्नो क्षेत्रमा सञ्चालन भएका गतिविधिहरुको विवरण स्वास्थ्य कार्यालय प्यूठानलाई उपलब्ध गराउनुभएको थियो। यस खवरपत्रिका लाई बिभिन्न क्षेत्रबाट प्राप्त सुझावको आधारमा क्रमिक रुपमा सुधार गर्दै लगिने छ।